कक्षा ८ नेपालीको नमुना प्रश्नपत्र ८

नमुना प्रश्नपत्र

पूर्णाङ्क ५० · २ घण्टा

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ५०

सबै प्रश्न अनिवार्य छन्। समय: २ घण्टा.

पाठ्यक्रम विकास केन्द्रको विशिष्टीकरण तालिका २०८०, कक्षा ८, नेपाली अनुसार साइन्स प्लेग्राउन्डले तयार पारेको अभ्यास प्रश्नपत्र, आधिकारिक प्रश्नपत्र होइन। तलको QR कोडबाट अनलाइन उत्तर हेरेर आफैँ अङ्क दिन सकिन्छ।

नेपाली, कक्षा ८। विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ। विकल्प दिइएका प्रश्नमा कुनै एकको मात्र उत्तर लेख्नुहोस्।

शब्दार्थ — २ अङ्क

१. दिइएका अर्थसँग मिल्ने शब्द छानी खाली ठाउँमा लेख्नुहोस्: **[२]**

पुलकित, शुष्क, दोमन, चकलेट, खिन्न

क. ‘यसो गरूँ कि उसो गरूँ’ को अवस्था .....

ख. ज्यादै खुसी भएको अवस्था .....

ग. उदास, दिक्क .....

घ. बालबालिकाले मन पराउने गुलियो खानेकुरा .....

शब्द पहिचान — २ अङ्क

२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस्: **[२]**

क. ‘चन्द्रमा’ को उस्तै अर्थ दिने शब्द ..... हो। (तारा, शशि, बादल)

ख. ‘आदि’ को उल्टो अर्थ दिने शब्द ..... हो। (अन्त्य, बिच, सुरु)

ग. ‘शूर’ शब्दको अर्थ ..... हो। (देवता, गीतको स्वर, वीर)

घ. ‘मैना, ढुकुर, सुगा’ को समावेशक शब्द ..... हो। (किरा, चरा, माछा)

वाक्य रचना — २ अङ्क

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्: **[२]**

अक्क न बक्क पर्नु, टलपल

शुद्ध शब्द — २ × ०.५ = १

४. शुद्ध शब्द छानेर लेख्नुहोस्: (०.५ × २ = १)

क. (i) बातावरण (ii) बाताबरण (iii) वातावरण (iv) वाताबरण

ख. (i) प्रसंसा (ii) प्रशंसा (iii) प्रशन्सा (iv) प्रसन्सा

वाक्य सम्पादन — २ अङ्क

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस्: **[२]**

येकताका बलले गाउँका महीलाले चोकमा बत्ति बाले,

शब्दवर्ग — २ अङ्क

६. गाढा अक्षरमा लेखिएका शब्दको पदवर्ग छुट्याउनुहोस्: **[२]**

तिमी सुन्दर गीत **गाऊ न**।

Science Playground, काटुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-8-nepali/papers/8

काल / पक्ष र भाव / अर्थ — २ अङ्क

७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस्: **[२]**

क. अहिले आमा बारीमा मकै ..... । (गोड् : अपूर्ण वर्तमान)

ख. सानो छँदा म खोलामा पौडी ..... । (खेल् : अभ्यस्त भूत)

ग. नानी, भात ..... । (खा : आज्ञार्थ)

घ. हावा चलेको छ, झ्याल आफैँ ..... । (लाग् : सम्भावनार्थ)

वाक्य परिवर्तन — ३ अङ्क

८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस्: **[३]**

क. म घर जान्छु। (तृतीय पुरुष)

ख. हामी भोलि बजार जाने छौँ। (अकरण)

ग. पानी परेकाले खेल रोकियो। (विश्लेषण)

व्याकरणिक — ३ अङ्क

९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस्: **[३]**

हाम्रो विद्यालयले चितवन, लुम्बिनी र पाल्पाको शैक्षिक भ्रमण गरायो। विद्यार्थीले राप्ती पारि गैँडा र बाघ देखे। लुम्बिनीका गुम्बाले धार्मिक सहिष्णुताको सन्देश दिए। अशोकस्तम्भ देखेपछि सबैको इतिहासमा रुचि बढ्यो। पाल्पा दरबारको सङ्ग्रहालयमा पुराना भाँडाकुँडा राखिएका थिए। गुरुले **विद्यार्थीलाई** ती वस्तुको चिनारी दिनुभयो। यात्राभरि ससाना काममा पनि सबैले एकअर्कालाई सहयोग गरे। घर पुगेपछि उर्मिलाले गुरुलाई धन्यवाद दिइन्। यो भ्रमणले ज्ञान मात्र होइन, साथीहरूबिच आत्मीय सम्बन्ध पनि बढायो।

क. अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस्।

ख. अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस्।

ग. गाढा अक्षरमा लेखिएको शब्दको कारक र विभक्ति पहिचान गरी तिनको नाम लेख्नुहोस्।

बोध प्रश्नोत्तर — ४ अङ्क

१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: **[४]**

सामुदायिक रेडियो गाउँ वा सानो सहरका मान्छेले आफैँ चलाउने रेडियो हो। ठुला रेडियोले देशभरका समाचार सुनाउँछन्, तर सामुदायिक रेडियोले आफ्नै टोलको कुरा सुनाउँछ। यसमा स्थानीय भाषामा पनि कार्यक्रम बज्छन्। थारू, मैथिली, तामाङ वा नेवारी भाषा बोल्ने मान्छेले आफ्नै बोली रेडियोमा सुन्न पाउँछन्। किसानले बालीका रोग र मौसमका बारेमा जानकारी पाउँछन्। आमाहरूले खोप र पोषणका कुरा सुन्छन्। बाढी वा पहिरोको खतरा हुँदा रेडियोले गाउँलेलाई सतर्क गराउँछ। भूकम्पपछि बिजुली र इन्टरनेट बन्द हुँदा पनि ब्याट्रीको रेडियो चल्न सक्छ। यहाँ गाउँकै युवाले समाचार लेख्न र बोल्न सिक्छन्। त्यसैले यो रेडियो गाउँको विद्यालय पनि हो र गाउँको आवाज पनि हो। थोरै खर्चमा चल्ने भएकाले यसले धेरै ठाउँमा काम गरिरहेको छ।

क. सामुदायिक रेडियो कसले चलाउँछन्?

ख. स्थानीय भाषामा कार्यक्रम बज्दा के फाइदा हुन्छ?

ग. विपद्का बेला रेडियोले कसरी सहयोग गर्छ?

घ. विद्यार्थीले सामुदायिक रेडियोमा कस्तो कार्यक्रम चलाउन सक्छन्? आफ्नो विचार लेख्नुहोस्।

बुँदा टिपोट र सारांश — ४ अङ्क

११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी शीर्षकसहित एक तृतीयांशमा सारांश लेख्नुहोस्: **[४]**

काले राई नामले चिनिने प्रपन्नाचार्य पाँचथरको किसान परिवारमा जन्मिए। खेतीपातीका कारण उनले बाल्यकालमा पढ्न पाएनन्। गुरु फाल्गुनन्दको निधनपछि उनको मनमा वैराग्य जाग्यो। काम खोज्दै दार्जिलिङ पुगेर फर्केका उनी तीर्थयात्रीको समूहसँग बनारस पुगे। ३० वर्षको उमेरमा कुनै आश्रमले नराखेपछि उनले होटेलमा काम गरे। त्यहीँ भेटिएकी सरस्वतीले अक्षर चिनाएर उनको उमेर घटाई एक कक्षामा भर्ना गरिदिइन्। त्यसपछि उनले कहिल्यै पढाइ छाडेनन्। ५६ वर्षको उमेरमा उनले वेदान्तमा विद्यावारिधि गरे। पछि उनले झन्डै चार दर्जन किताब लेखे र देशविदेशमा प्रवचन दिए। मान्छेको चाहना बलियो भए उमेरले पढाइ रोक्दैन भन्ने कुरा उनको जीवनले देखाउँछ।

Science Playground, काटुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-8-nepali/papers/8

निर्देशित रचना ३ अङ्क

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: **[३]**

क. दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस्:
विजय मल्ल — सन् १९२५ मा काठमाडौँमा जन्म — बुबा ऋद्धिबहादुर मल्ल 'शारदा' पत्रिकाका सम्पादक — पहिलो कविता 'शारदा' मा — प्रजा परिषद्मा लागेर जेल — उपन्यास 'अनुराधा' — नाटक 'कोही किन बर्बाद होस्' — कथासङ्ग्रह 'एक बाटो अनेक मोड' लाई साझा पुरस्कार — नेपाल प्रज्ञा प्रतिष्ठानमा काम — सन् १९९९ मा निधन

ख. 'खानपान र स्वास्थ्य' शीर्षकमा दुई जना साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस्।

व्यावहारिक लेखन ३ अङ्क

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: **[३]**

क. विद्यालयमा पिउने पानीको समस्या भएकाले समाधान गरिदिन अनुरोध गर्दै प्रधानाध्यापकका नाममा एउटा निवेदन तयार पार्नुहोस्।

ख. टोलमा हुने सरसफाइ अभियानमा टोलवासीलाई बोलाउन टोल विकास समितिका तर्फबाट एउटा निमन्त्रणा पत्र तयार पार्नुहोस्।

भाव विस्तार वा व्याख्या ३ अङ्क

१४. कुनै एकको भाव विस्तार गर्नुहोस्: **[३]**

क. यो देशको इतिहास हामी आफैँले लेख्नुपर्छ।

ख. खोलामा पुल बन्छ र सो पुल कागजको घाममा उदाएर त्यहीँ अस्ताउने गर्छ।

अतिसङ्क्षिप्त उत्तर ४ अङ्क

१५. 'से गुम्बाको सुन्दरता' नियात्रामा रिग्मो र से फोक्सुन्डो तालको वर्णन गरिएको अंशका आधारमा सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर लेख्नुहोस्: **[४]**

क. रिग्मो गाउँका धेरैजसो मान्छे कुन धर्म मान्छन्?

ख. 'मन बाहिर, तन भित्र' भन्ने भनाइले लेखकको कस्तो अवस्था देखाउँछ?

ग. चौँरीको भाले र पोथीलाई के भनिन्छ?

घ. रिग्मोका परिवारले चौँरी किन पालेका छन्?

लामो उत्तर ५ अङ्क

१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: **[५]**

क. 'अमर पुत्र' कथाका आधारमा समाजले कलाकारको कदर गरेको छ कि छैन, पुष्टि गर्नुहोस्।

ख. 'मानव अधिकार' निबन्धका आधारमा नेपालको विविधतामा एकताको चर्चा गर्नुहोस्।

निबन्ध लेखन ५ अङ्क

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस्: **[५]**

क. मैले सिकेको पाठ

ख. स्वास्थ्य नै धन हो

ग. नेपालका हिमाल